# महाबु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दैलेख

कर्णाली प्रदेश, नेपाल

## खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि २०७८

## (परिमार्जित २०८१ )

प्रमाणीकरण मितिः ______________ प्रमाणित गर्नेको दस्तखतः ________

कार्यपालिकाबाट स्वीकृत मितिः ____________

प्रस्तावना

नेपालमा खानेपानी सेवा संचालन ब्यबस्थापन गर्नमा मुख्यतया सरकारी संस्थान, सामुदायिक संस्था, निजि उद्योग, र थोरै घरहरु मिलेर वा एकल घरको स्व-सेवा गरि चार प्रकारका मोडेलहरु अबलम्बन भएका छन् । यी सबै प्रकारका खानेपानी संचालन ब्यबस्थापन मोडेलहरुले उपभोक्ता घरधुरीहरुलाई उपलब्ध गराएको खानेपानी सेवामा देहाएका समस्याहरु नेपालमा खानेपानीको दिगो तथा समान सेवा सम्बन्धि अध्ययनहरुले देखाएका छन ।

- सरकारी निकाय वा संस्थानले संचालन ब्यबस्थापन गरेको खानेपानी सेवा केहि शहरी वा घना वस्ती क्षेत्रहरुमा मात्र सिमित छ । सिमित श्रोत साधनका कारणले ग्रामिण क्षेत्रमा सरकारी संस्थानको खानेपानी संचालन सेवा विस्तार गर्न नसकेको अवस्था छ ।
- सामुदायिक मोडेलको खानेपानी संचालन ब्यबस्थापनमा दक्षताको कमि, निर्णय प्रक्रिया समाबेशी हुन नसकेको, श्रोत साधनको कमि आदि कारणहरुले गर्दा खानेपानी आयोजना दिगो हुन सकेको छैन, उपभोक्ताहरुलाई उपलब्ध खानेपानी सेवास्तर न्युन रहेको छ र असमान खानेपानी सेवा वितरण रहेको अवस्था छ ।
- निजि उद्योग मोडेलको खानेपानी संचालन ब्यबस्थापन नाफा मुलक प्रकृतिको भएकोले शहरका जुन भौगोलिक क्षेत्रमा थोरै लगानीले धेरै पानी वितरण गर्न सकिन्छ त्यस क्षेत्रमा मात्र सेवा केन्द्रित गर्दै गएको देखिन्छ | छरिएका बस्ति वा गरीब बस्तिहरुमा सेवा विस्तार गर्न नचाहने, शहरी क्षेत्रमा मात्र सेवा केन्द्रित रहने, सेवा क्षेत्रभित्रका गरिब घरपरिवार वा टोलको खानेपानी सेवास्तर न्यून रहेको आदि समस्याहरु यस मोडेलको सेवा वितरणमा देखिएका छन।
- थोरै घरहरु मिलेर वा एकल घरले स्व-सेवा संचालन ब्यबस्थापन गरेका आयोजनाहरुमा संस्थागत संरचना नबनेको, संचालन ब्यबस्थापनमा दक्षताको कमि, समाबेशी निर्णय हुन नसकेको, समान सेवा वितरण हुन नसकेको, श्रोत साधनको कमि आदि कारणहरुले गर्दा खानेपानी आयोजना दिगो हुन नसकेको, असमान र न्युन खानेपानी सेवास्तर रहेको अवस्था छ ।

महाबु गाउँपालिकामा हाल मुख्यतया सामुदायिक ब्यबस्थापन मोडेल र स्व-सेवा मोडेलबाट खानेपानी आयोजनाहरु संचालन ब्यबस्थापन भएका भएतापनि नेपालमा प्रचलनमा रहेका सबै चार प्रकारका खानेपानी ब्यबस्थापन मोडेलहरुलाई महाबु गाउँपालिकामा खुला राख्ने तथा लागु गर्ने नीति लिएको छ ।

साथै, सबै प्रकारका ब्यबस्थापन मोडेलहरुमा हाल देखिएका समस्याहरुको समाधान गरि उपभोक्ताहरुलाई उच्चस्तरको खानेपानी सेवा वितरण, समाबेशी ब्यबस्थापन र कोहि नछुट्ने गरि सबैलाई खानेपानी सेवा उपलब्ध गराउनको लागि महाबु गाउँपालिकाले यो "खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि २०७८ ( परिमार्जन २०८१ ) " लागु गरेको छ ।

महाबु गाउँपालिकाको खानेपानी रणनीति सन् २०७७-२०८८ (सन् २०२१-२०३०) अनुसार गाउँपालिकामा संचालनमा आयोजनाहरुबाट उपभोक्ता घरधुरीहरुलाई उपलब्ध भैरहेको खानेपानी सेवास्तर अवस्था विश्लेषण गर्दा यस गाउँपालिकाका घरधुरीहरुको खानेपानी सेवास्तर अवस्था परिमाण सूचक

अनुसार ३१.१%, गुणस्तर अनुसार ९२.२%, पहुँच अनुसार ६८.७% र विश्वसनीयता अनुसार ७६.४% आधारभूत भन्दा तल रहेको देखिएको छ । खानेपानीको हालको सेवास्तर अवस्थामा सुधार गरि सबै घरपरिवारहरुलाई उच्च स्तरको खानेपानी सेवा उपलब्ध गराउनको लागि महाबु गाउँपालिकाले खानेपानी रणनीति सन् २०२१–२०३० लागु गरेको छ । त्यसै गरि खानेपानी सरसफाइ योजना २०८१ र अध्यावधिक NWASH-MIS तथ्यांक अनुसार ६८ प्रतिशत घरधुरीमा मात्र आधारभूत पानीको पहुँच देखिन्छ भने सुरक्षित व्यवस्थापन गरेको गरिएको पानीको सुबिधा भएको घरधुरी छैन ।

महाबु गाउँपालिकाको खानेपानी रणनीतिको अबधारणा र खानेपानी सरसफाइ स्वच्छता योजना, २०८१ कार्यान्वयन गरि गाउँपालिकाका सबै घरपरिवारहरुलाई सधै निरन्तर उच्च स्तरको खानेपानी सेवा कायम गर्नको लागि गाउँपालिका स्तर, वडा स्तर र आयोजना स्थलहरुमा आवश्यक संरचनाहरु सहितको **"खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि २०७८"** ( परिमार्जित २०८१) लागु गरिएको छ । यस कार्यविधिले खानेपानी रणनीति र खानेपानी सरसफाइ तथा स्वच्छता योजना, २०८१ कार्यान्वयन गरि खानेपानी आयोजनाहरुको खानेपानी सेवास्तर उन्नति गर्न र सेवास्तर उन्नति भएका आयोजनाहरुको जलबायु परिबर्तनका प्रभावको मुल्यांकन गरि राम्रो मर्मत सम्भार र संचालन ब्यबस्थापन गरि आयोजनाहरुको उन्नति भएको स्तरको खानेपानी सेवालाई सधैं निरन्तरता गर्नको लागि संस्थागत संरचना, जिम्मेवारी र कार्यविधि दिएको छ । साथै, यस कार्यविधिले महिला, दलित, जनजाती, अल्पसंख्यक र अपांगता भएका व्यक्तिहरु सबैको बिशेष आबश्यकता अनुसारको खानेपानीमा पहुँच हुनेगरी कसैलाई पनि नछुटाई आयोजना क्षेत्रभित्रका सबै उपभोक्ता घरपरिवारहरुलाई स्तर उन्नति भए अनुसारको/ सुधारिएको खानेपानी सेवा निरन्तर उपलब्ध गराउनको लागि समेत स्पष्ट कार्यबिधि दिएको छ । त्यसै गरि महाबु गाउँपालिका खानेपानी सरसफाइ तथा स्वच्छता योजनाले खानेपानी योजनाको सेवास्तर विश्लेषण गरि सेवा स्तरको सुधारको योजना तथा रणनीति तयार पारेको छ ।

## १. सम्क्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम **"खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि २०७८ (परिमार्जित २०८१)"** रहने छ ।

१.२ यो कार्यविधिको परिमार्जित संस्करण गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

## २. परिभाषा

क) **"खानेपानी सरसफाइ तथा स्वच्छता योजना"** भन्नाले गाउँपालिको खानेपानी सरसफाइ योजना, २०८१ लाई बुझाउने छ ।

ख) **"खानेपानी रणनीति"** भन्नाले गाउँपालिकाको खानेपानी **सरसफाइ तथा स्वच्छता योजना** रणनीति २०७७-२०८७ लाई सम्झनु पर्दछ ।

ग) **"खानेपानी सेवा प्रदायक"** भन्नाले खानेपानी आयोजना संचालन ब्यबस्थापन गर्ने उदेश्यले स्थापना भई सरकारमा दर्ता भएका सरकारी स्वायत्त संस्थान वा सामुदायिक संस्था वा उपभोक्ता समूह वा निजि उद्योग वा नागरिक समाज वा समूह वा व्यक्तिहरुलाई सम्झनु पर्दछ । हाल नेपालमा खानेपानी

आयोजना संचालन ब्यबस्थापनको भूमिका गर्दै आएका नेपाल खानेपानी संस्थान, खानेपानी उपभोक्ता समिति, निजि उद्योग, खानेपानी स्व-सेवा गर्ने संस्था, उपभोक्ता समूह वा परिवार वा व्यक्ति, आदि समेत खानेपानी सेवा प्रदायक अन्तर्गत पर्दछन ।

घ) **"खानेपानी सेवास्तर"** भन्नाले खानेपानी आयोजनाहरुले उपभोक्ता घरपरिवारहरुलाई उपलब्ध गराएको खानेपानीको चार तहको सेवास्तरहरु उच्च सेवास्तर, मध्यम सेवास्तर, आधारभूत सेवास्तर र निम्न सेवास्तर लाई बुझ्नु पर्दछ । खानेपानी सेवास्तर सूचकहरु परिमाण, गुणस्तर, पहुच र विश्वसनीयताको आधारमा खानेपानीको समग्र सेवास्तर निर्धारण हुन्छ । यी चार वटा सेवा सूचकहरुको समग्र सेवास्तरलाई खानेपानी सेवा स्तर भन्ने बुझ्नु पर्दछ । अर्थात् खानेपानी सेवा स्तर भन्नाले महाबु गाउँपालिकाको "खानेपानी रणनीति २०७७-८७" मा परिभाषित गरे अनुसारको उपभोक्ता घरधुरीले खानेपानी धाराबाट उपलब्ध गरेको खानेपानी सेवास्तर भन्ने बुझ्नु पर्दछ ।

ङ) **"प्रामाणिक संचालन बिधि (Standard Operating Procedure)"** भन्नाले नेपाल सरकारको खानेपानी सेवा संचालन सम्बन्धि कार्यविधि २०७१ अनुसार आयोजनाको संचालन ब्यबस्थापन गर्न खानेपानी सेवा प्रदायकले दैनिक प्रयोग गर्ने विस्तृत निर्देशन सहितको फारमहरुलाई बुझ्नु पर्दछ ।

च) **"गाउँपालिका" वा "पालिका"**भन्नाले महाबु गाउँपालिकालाई सम्झनु पर्दछ ।

छ) **"कार्यपालिका"** भन्नाले महाबु गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ज) **"वडा समिति"** भन्नाले महाबु गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

झ) **"पालिका वास सिसि"** भन्नाले महाबु गाउँपालिकाको गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति लाई सम्झनु पर्दछ ।

ञ) **"वडा वास सिसि"** भन्नाले महाबु गाउँपालिकाको वडा स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति लाई सम्झनु पर्दछ ।

ट) **"खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला"** भन्नाले महाबु गाउँपालिकामा स्थापना हुने खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला लाई सम्झनु पर्दछ ।

ठ) **"खानेपानी ईकाई/शाखा" वा "वास ईकाई/शाखा"** भन्नाले महाबु गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता ईकाई वा यस ईकाईको क्षमता अभिवृद्धि भई स्थापना हुने खानेपानी, सरसफाई तथा स्वच्छता शाखालाई सम्झनु पर्दछ ।

ड) **"खानेपानी तथ्यांक ईकाइ" वा "वास तथ्यांक ईकाइ"** भन्नाले महाबु गाउँपालिकाको खानेपानी शाखा अन्तर्गत स्थापना हुने खानेपानी, सरसफाई तथा स्वच्छता तथ्यांक ईकाइ लाई सम्झनु पर्दछ ।

ढ) **"वडा खानेपानी ईकाइ" वा "वडा वास ईकाइ"** भन्नाले महाबु गाउँपालिकाको वडा कार्यालयमा स्थापना हुने वडा स्तरीय खानेपानी तथा स्वास्थ्य सरसफाई ईकाइ लाई सम्झनु पर्दछ ।

ण) **"विकास साझेदार"** भन्नाले अन्तरराष्ट्रिय सरकारी निकाय, संयुक्त राष्ट्र संघ, वा राष्ट्रिय वा अन्तरराष्ट्रिय गैरसरकारी दातृ संस्था वा लगानी कर्ताहरुलाई सम्झनु पर्दछ ।

त) **"सरोकार वाला"** भन्नाले संघिय सरकार, प्रदेश सरकार, गाउँपालिका, खानेपानी सेवा प्रदायक, खानेपानी उपभोक्ता, विकास साझेदार तथा खानेपानी सेवासंग आबद्ध संघ संस्था लगायत अन्य सम्बन्धित संघ संस्था समेतलाई सम्झनु पर्दछ ।

थ) **"स्थानीय खानेपानी टेक्निसियन"** भन्नाले ग्रामिण खानेपानी आयोजनाका संरचना र पाइपलाइनको निर्माण गर्न सक्ने स्थानीय दक्ष व्यक्तिलाई सम्झनु पर्दछ ।

द) **"स्थानीय प्लम्बर" वा "ग्रामिण खानेपानी मर्मत सम्भार कार्यकर्ता"** भन्नाले ग्रामिण खानेपानी आयोजनाका पाइप, फिटिंग, संरचना मर्मत सम्भार तथा दैनिक पानी संचालन गर्न सक्ने स्थानीय दक्ष व्यक्तिलाई सम्झनु पर्दछ ।

३. उदेश्य

महाबु गाउँपालिकामा खानेपानी रणनीति का साथै खानेपानी, सरसफाइ र स्वच्छता योजना कार्यान्वयन गरि खानेपानी आयोजनाका उपभोक्ताहरुको खानेपानी सेवास्तर उन्नति गर्न र खानेपानी आयोजनाहरुको सेवा संचालन ब्यबस्थापन सुदृढ गरि उपभोक्ताहरुलाई सो उन्नति भएको स्तरको खानेपानी सेवा निरन्तर उपलब्ध गराउने उदेश्यले गाउँपालिकामा यो "खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि २०७८" ( परिमार्जित २०८१) लागु गरिएको छ । यस कार्यविधिमा देहाय बमोजिमका उदेश्यहरु हासिल गर्नका लागि खानेपानी सेवा संचालन ब्यबस्थापनका संस्थागत र ब्यबस्थापन संरचना साथै स्पष्ट कार्यविधि दिएको छ ।

- खानेपानी सरसफाइ तथा स्वच्छता योजना कार्यान्वयन गर्न ।
- खानेपानी योजनाहरुमा जलबायु जोखिम तथा अनुकलनका उपायहरुको बारेमा अभिलेखीकरण गर्ने ।
- खानेपानी आयोजनाहरुको खानेपानी सेवास्तर उन्नति गर्न ।
- सेवास्तर उन्नति भएका आयोजनाहरुको राम्रो मर्मत सम्भार र संचालन ब्यबस्थापन गर्न ।
- आयोजनाहरुबाट उच्चस्तरको खानेपानी सेवा सबै उपभोक्ता घरपरिवारहरुलाई निरन्तर उपलब्ध गराउन ।
- महिला, दलित, जनजाती, अल्पसंख्यक र अपांगता भएका व्यक्तिहरु सबैको बिशेष आबश्यकता अनुसारको खानेपानीमा पहुँच हुनेगरी कसैलाई पनि नछुटाई आयोजना क्षेत्रभित्रका सबै उपभोक्ता घरपरिवारहरुलाई उच्चस्तरको खानेपानी सेवा निरन्तर उपलब्ध गराउन ।
- खानेपानी संचालन ब्यबस्थापन सम्बन्धि संस्थागत् संरचनाहरुलाई समाबेशी बनाई समाबेशी निर्णय प्रक्रिया कार्यान्वयन गर्न ।
- खानेपानी योजनाको अनुगमन तथा नियमन गरि निर्धारित सेवास्तर सुधार गर्न ।
- खानेपानी योजना अनुगमनको क्रममा जलबायु परिवर्तनको जोखिम र प्रभाव मुल्यांकन गरि उपयुक्त अनुकुलनका उपायहरु अवलम्बन गर्न ।
- खानेपानी योजनाको कमजोर व्यवस्थापनका कारण वातावरणमा पर्ने प्रभाव मुल्यांकन गरि न्यूनीकरणको कार्यक्रम तर्जुमा गर्ने ।

४. कार्यक्षेत्र

खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधिको कार्यक्षेत्र महाबु गाउँपालिकाको सबै क्षेत्र हुनेछ ।

५. खानेपानी सेवा संचालन ब्यबस्थापन गर्ने कार्यविधि

नेपाल सरकारको स्थानीय सरकार संचालन ऐन २०७४, खानेपानी सेवा संचालन सम्बन्धि निर्देशिका २०६९, खानेपानी सेवा संचालन सम्बन्धि कार्यविधि २०७१, महाबु गाउँपालिकाको खानेपानी रणनीति र महाबु गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना, २०८१ का आधारमा महाबु गाउँपालिका क्षेत्रभित्र यस "खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि २०७८ ( परिमार्जित २०८१)" लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

६. खानेपानी सेवा संचालन ब्यबस्थापन गर्ने संरचना र जिम्मेवारी

महाबु गाउँपालिकामा खानेपानी रणनीति र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्ने संस्थागत् र ब्यबस्थापन संरचनाहरु र जिम्मेवारी देहाय अनुसार हुनेछ ।

६.१. गाउँ कार्यपालिका

खानेपानी रणनीति र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको जिम्मेवारी देहाय अनुसार हुनेछ ।

१। खानेपानी सरसफाइ तथा स्वच्छता योजना, खानेपानी रणनिती र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्नमा गाउँ कार्यपालिकाको सबै भन्दा माथिल्लो तहको निर्णय गर्ने जिम्मेवारी हुनेछ ।

२। खानेपानी सरसफाइ तथा स्वच्छता योजना, खानेपानी रणनिती र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधिमा व्यवस्था भए अनुसारका प्राबधानहरु कार्यान्वयन गर्नमा सहकार्य, सहयोग, समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मुल्यांकन गर्ने गराउने कार्य गर्नेछ ।

३। खानेपानी सरसफाइ तथा स्वच्छता योजना, खानेपानी रणनिती र र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्नको लागि बजेटको ब्यबस्था गर्नेछ । आवश्यक बजेट ब्यबस्थापनको लागि संघिय सरकार, प्रदेश सरकार, विकास साझेदार, र अन्य सरोकारवालाहरुसंग समेत समन्वय तथा सहकार्य गर्नेछ ।

४। खानेपानी सरसफाइ तथा स्वच्छता योजना, खानेपानी रणनिती र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्नको लागि पालिका र वडा स्तरीय ब्यबस्थापन संरचनाहरुको विस्तार तथा ब्यबस्थापन गर्नेछ ।

५। खानेपानी सरसफाइ तथा स्वच्छता योजना, खानेपानी रणनिती र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन अवस्थाको अर्ध-वार्षिक र वार्षिक रुपमा समिक्षा गरि, आर्थिक, व्यवस्थापकीय, प्राबिधिक, समाबेशिता र जलबायु उत्थान्शिलका हिसावले आवश्यक सुधारका लागि निर्णयहरु गर्नेछ ।

६.२. गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति (पालिका वास सिसि)

खानेपानी सरसफाइ तथा स्वच्छता योजना, खानेपानी रणनिती र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्नमा गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति (पालिका वास सिसि) को जिम्मेवारी देहाय अनुसार हुनेछ ।

१। खानेपानी सरसफाइ तथा स्वच्छता योजना, खानेपानी रणनिती र खानेपानी रणनिती कार्यान्वयनको अनुगमन, विश्लेषण तथा समिक्षा गरि गाउँ कार्यपालिकालाई अर्ध-वार्षिक रुपमा प्रतिवेदन बुझाउनेछ ।

२। खानेपानी सरसफाइ तथा स्वच्छता योजना, खानेपानी रणनिती र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्नको लागि गाउँपालिका र वडा स्तरमा आबस्यक संरचना ब्यबस्थापनको लागि पहल र समन्वय गर्नेछ ।

३। खानेपानी सरसफाइ तथा स्वच्छता योजना अनुसारका प्राथमिकताक्रममा रहेका खानेपानी आयोजनाहरुको सेवास्तर उन्नति गर्नको लागि वार्षिक रुपमा आयोजनाहरुको छनौट गरि गाउँ कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्नेछ ।

४। वार्षिक प्राथमिकतामा परेका खानेपानी आयोजनाहरुको सेवास्तर उन्नति निर्माण कार्यको कार्यान्वयन, समन्वय, अनुगमन र समिक्षा गर्नेछ ।

५। आधारभूत, मध्यम र उच्च स्तरको खानेपानी सेवामा उन्नति भएका आयोजनाहरुमा खानेपानी संचालन ब्यबस्थापन कार्यविधि लागु गरि उपभोक्ताहरुलाई सो स्तरको खानेपानी सेवा अटुट रुपमा निरन्तर उपलब्ध गराउनको लागि ब्यबस्थापन, समन्वय, अनुगमन र समिक्षा गर्नेछ ।

६। खानेपानी संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयनको अवस्था र खानेपानी आयोजनाहरुका उपभोक्ताहरुको खानेपानी सेवास्तर उन्नतिको अवस्था विश्लेषण गर्दा जलबायु उत्थान्शिलका उपायहरु सहित प्रत्येक ६ महिनामा गाउँ कार्यपालिकामा प्रतिबेदन प्रस्तुत गर्नेछ ।

६.३. गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता ईकाइ वा शाखा (वास ईकाइ वा वास शाखा)

गाउँपालिकामा रहेको वास ईकाइ वा शाखाको क्षमता अभिवृद्धि गर्दै जानेछ । गाउँपालिकामा खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला र खानेपानी तथ्यांक ईकाइको स्थापना गरि वास शाखा अन्तर्गत राखिने छ (खण्ड ५.१.४ र ५.१.५ मा बिस्तृत रुपमा प्रस्तुत छ )।

यस वास शाखामा देहाय अनुसारका कर्मचारी र सहयोगी टोलिहरु हुनेछन ।

| सन् २०२१ – २०२३ | सन् २०२४ पश्चात |
|---|---|
| • ईन्जिनियर वा सव-ईन्जिनियर (शाखा प्रमुख)-१<br>• खानेपानी टेक्निसियन, प्राबिधिक-१<br>• खानेपानी सहजकर्ता, सामाजिक-१ | • ईन्जिनियर (शाखा प्रमुख)-१<br>• खानेपानी टेक्निसियन, प्राबिधिक-१<br>• खानेपानी सहजकर्ता, सामाजिक-१<br>• खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला |

| | |
|---|---|
| (माथिका कर्मचारीहरु गाउँपालिकामा बसेर काम गर्ने खानेपानी विकास साझेदारहरुका कर्मचारीहरु समेत हुन सक्नेछन ) | • खानेपानी तथ्यांक ईकाइ<br>• बातावरण तथा जलबायु फोकल व्यक्ति<br><br>(माथिका कर्मचारीहरु गाउँपालिकामा बसेर काम गर्ने खानेपानी विकास साझेदारहरुका कर्मचारीहरु समेत हुन सक्नेछन ) |

जिम्मेवारी:

वास ईकाइ वा शाखाले खानेपानी सरसफाइ तथा स्वच्छता योजना, खानेपानी रणनीति र खानेपानी संचालन ब्यबस्थापन कार्यविधिको प्राबधान अनुसार कार्यक्रम कार्यान्वयन तथा सुपरिवेक्षण गर्न मुख्यतया देहाएका कार्यहरु गर्नेछ ।

१। खानेपानी सरसफाइ तथा स्वच्छता योजना अनुसार प्राथमिकतामा रहेका आयोजनाहरुको सेवास्तर उन्नतिको लागि प्राबिधिक सर्बेक्षण गरि विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार गर्नेछ । खानेपानी आयोजनाको सेवास्तर उन्नति गर्नको लागि डीपीआर तयार गर्दा देहाएका विषय रु. समेत समावेश गर्नेछ ।

१.१ खानेपानी सेवा प्रदायक र समुदायका महिला, दलित, जनजाती, अल्पसंख्यक, र अपांगता भएका व्यक्तिहरुको समेत सहभागितामा सर्बेक्षण गर्नेछ ।

१.२ आयोजना क्षेत्रका दलित, जनजाती, अल्पसंख्यक, र अपांगता भएका व्यक्तिहरुको पहिचान गरि कोहि पनि यस खानेपानी सेवास्तर उन्नति निर्माण कार्यबाट नछुटेको सुनिस्चित गर्नेछ ।

१.३ सबै सामुदायिक धाराहरुमा अपांगता भएका व्यक्तिहरुको सहज पहुचको लागि खानेपानी धारा सम्म पुग्न र सेवा लिनको लागि अबरोध नभएको बाटो, रयाम्प, कर्ब, स्पर्श टायल, हेन्डरेलिंग, आदि सुबिधा निर्माणको सुनिस्चितता गर्नेछ । साथै अपांगता भएका व्यक्तिहरुको घरपरिवारको निजि धारा भएमा, उक्त धाराहरुमा अपांगता भएका व्यक्तिहरुको सहज पहुँचको लागि संरचना निर्माणको सुनिस्चितता गर्नेछ ।

१.४ खानेपानी आयोजनाको मुहान देखि धाराहरु सम्मको संरचना र पाइपलाइनहरुको प्राबिधिक सर्भे गरि सेवास्तर उन्नति गर्दा जलबायु जोखिम मुल्यांकन गरि अनुकुलनका उपायहरु सहित डिजाइन दस्ताबेज तयार गर्नेछ । सुबिधास्तर स्तरोन्नति गरिएका योजनाहरुको संरचना, पाइपलाइन तथा धाराहरुको जीपीएस तथ्यांक सहित NWASH-MIS मा अध्यावधि गर्नेछ ।

१.५ आयोजनाको सेवास्तर उन्नति डिजाइन अनुसारका पाइपलाइन र संरचनाहरुको लागि यदि विद्यमान संरचनाको क्षमता नपुग भएको खण्डमा उक्त संरचना थप गर्ने, र बिग्रेका वा नभएका संरचना नयाँ निर्माण गर्ने गरि इस्टिमेट तयार गर्नेछ । त्यसै गरि

पाइपलाइनको क्षमता नपुगेको वा नयाँ पाइपलाइन बिस्तारको लागि नयाँ पाइप खरिद गर्ने गरि इस्टिमेट तयार गर्नेछ ।

१.६ खानेपानी सरसफाइ तथा स्वच्छता योजनामा प्राथमिकिकरण गरे अनुसार आयोजनाको खानेपानी सेवास्तर आधारभूत् वा मध्यम वा उच्च स्तरको पुराउने गरि डीपीआर तयार गर्नेछ ।

१.७ खानेपानी आयोजना क्षेत्रभित्र पर्ने स्वास्थ्य संस्था र विद्यालयहरुमा संस्थाको परिसर भित्र खानेपानीको भण्डारण (दुई दिन सम्म मुहानबाट पानी बन्द रहेमा समेत निरन्तर सेवा संचालन गर्न सक्ने क्षमताको), क्लोरिन डोजिंग युनिट, पाईपलाइन प्लम्बिंग, खानेपानी र हात धुने धाराहरु, शौचालयमा धाराहरु, सरसफाईका धाराहरु र अन्य आवश्यक ठाउँमा धाराहरु निर्माण गर्ने गरि डीपीआर तयार गर्नु पर्दछ । विद्यालयका खानेपानी र हात धुने धाराहरुमा सबै उमेरका विद्यार्थीहरु र अपांगता भएका व्यक्तिहरुको पहुच सहज हुने गरि फरक फरक मापदण्डका धाराहरुको सेट निर्माण हुनु पर्नेछ । स्वास्थ्य संस्थामा खानेपानी र हात धुने धाराहरुमा अपांगता भएका व्यक्तिहरुको सहज पहुँच हुनु पर्नेछ । विद्यालय र स्वास्थ्य संस्थाहरुको खानेपानी सेवास्तर उन्नति गर्दा कम्तिमा मध्यम सेवास्तर मापदण्ड अनुसारको हुनु पर्नेछ ।

२। खानेपानी सेवास्तर उन्नति निर्माण र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यान्वयनको लागि गाउँपालिका, विकास साझेदार र खानेपानी सेवा प्रदायक बिचको सम्झौता तयार गर्नेछ ।

३। खानेपानी सेवा प्रदायकलाई आयोजनाको खानेपानी सेवास्तर उन्नति निर्माण कार्यका लागि जलबायु उत्थान्शील (निर्माण पुर्व तथा निर्माण पश्चात) अभिमुखीकरण तथा तालिम संचालन गरि कार्ययोजना तयार गर्नेछ ।

४। खानेपानी आयोजनाको सेवास्तर उन्नतिको निर्माण कार्य गर्न खानेपानी टेक्निसियन वा सुपरभिजन गर्ने प्राबिधिक उपलब्ध गराउनेछ ।

५। खानेपानी आयोजनाको सेवास्तर उन्नति निर्माण कार्यको अनुगमन गर्नेछ ।

६। निर्माण कार्य सम्पन्न भएको प्राबिधिक अनुगमन तथा नाप जांच गरि वास्तविक खर्चको फर्स्योट गर्नेछ ।

७। खानेपानी टेक्निसियनलाई उत्थान्शील खानेपानी प्रबिधि तालिम संचालन गर्नेछ (७ देखि १५ दिनको तालिम) ।

८। खानेपानी आयोजनाहरुमा कार्यरतग्रामिण मर्मत सम्भार कार्यकर्ता (प्लम्बर) लाइ जलबायु उत्थान्शील खानेपानी मर्मत सम्भार तालिम संचालन गर्नेछ (७ दिनको तालिम) ।

९। खानेपानी आयोजनाहरुमा खानेपानी संचालन ब्यबस्थापन कार्यविधि अनुसारको ब्यबस्थापन लागु गर्नको लागि प्रशिक्षक प्रशिक्षण तालिम गर्नेछ ।

१०। जलबायु उत्थान्शील पानी सुरक्षा योजना सम्बन्धि प्रशिक्षक प्रशिक्षण तालिम गर्नेछ ।

११। पालिका वास सिसि लाई खानेपानी, सरसफाइ स्वच्छता योजना र खानेपानी रणनीतिको कार्यान्वयनको अवस्था र आयोजनाहरुको निर्माण अवस्थाको विश्लेषण सहित सम्बन्धित पालिकाले तोकेको तालिका आनुसार प्रतिबेदन पेश गर्नेछ ।

१२। बजार क्षेत्र वा घना वस्ती भएका क्षेत्रमा ठुला खानेपानी आयोजनाहरुमा उच्च स्तरको खानेपानी सेवा उन्नति निर्माण कार्य गर्न परामर्श दाता छनौट गरि बिस्तृत आयोजना प्रतिवेदन (डीपीआर) र टेन्डर दस्ताबेज तयार गर्नको लागि सहकार्य गर्नेछ । साथै यस्ता ठुला आयोजना निर्माण कार्यको सम्झौता तयार गरि कार्यान्वयन गर्नेछ । यस्ता ठुला आयोजना निर्माण कार्यको सुपरभिजन गर्नको लागि परामर्श दाता छनौट गर्नेछ । निर्माण कार्यको अनुगमन गर्नेछ ।

१३। ठुला खानेपानी आयोजनाहरुमा खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गर्न खानेपानी सेवा प्रदायकको क्षमता अभिवृद्धि गरि कार्यविधि कार्यान्वयन गर्नेछ ।

## ६.४. गाउँपालिका स्तरीय खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला

खानेपानी परिक्षण प्रयोगशाला गाउँपालिकाको वास शाखा अन्तर्गत रहने छ । नेपाल सरकारको "खानेपानी गुणस्तर मापदण्ड, २०७९ " अनुसारका कम्तिमा अनिबार्य गरिएका १९ प्रकारका खानेपानी गुणस्तर पारामिति (parameter) हरुको परिक्षण गर्न सक्ने क्षमताको स्थायी खानेपानी गुणस्तर परिक्षण स्थापना भएको खानेपानी गुणस्तर प्रयोगशालाको प्रभावकारी संचालन तथा स्तर उन्नति गरिने छ । ।

यस प्रयोगशालामा निम्न कर्मचारीहरु हुनेछन ।

| सन् २०२३ – २०२६ | सन् २०२७ पश्चात |
|---|---|
| • प्रयोगशाला टेक्निसियन, प्राबिधिक | • प्रयोगशाला टेक्निसियन, प्राबिधिक<br>• प्रयोगशाला सहायक टेक्निसियन, प्राबिधिक |

<u>जिम्मेवारी:</u>

१। गाउँपालिकाका सबै खानेपानी आयोजनाहरुबाट वितरित खानेपानीको गुणस्तर परिक्षण गर्नेछ । खानेपानी आयोजनाले वितरण गरेको धाराको पानीमा नेपाल सरकारको "सतहको ग्रामिण खानेपानी गुणस्तर मापदण्ड" अनुसारका १९ प्रकारका खानेपानी गुणस्तर पारामितिहरुको परिक्षण गर्नेछ । नेपाल गुणस्तर मापदण्ड अनुसारको कम्तिमा वर्षमा तिन पटक आयोजनाहरुले बितरण गरेको धाराको पानी परिक्षण गर्नेछ ।

२। खानेपानी आयोजनाहरुको "जलबायु उत्थान्शील पानी सुरक्षा योजना" कार्यान्वयनको प्रभावकारिता परिक्षण र प्रमाणिकरण गर्नेछ ।

३। खानेपानी आयोजनाहरुको खानेपानी सेवास्तर सर्भेक्षण गर्दा खानेपानी गुणस्तर परिक्षण गर्नेछ ।

४। बजार वा घना वस्ती क्षेत्रका ठुला खानेपानी आयोजनाहरुको डीपीआर तयारीको लागि खोलाको पानीको गुणस्तर मासिक रुपमा एक वर्षभरि परिक्षण गर्नेछ ।

५। आयोजनामा पानी परिक्षण गर्ने नमुना धाराहरु निर्धारण गरि सोहि धाराहरुमा पानी परिक्षण गर्नेछ । आयोजना, धारा, स्थान, जीपीएस, गुणस्तर परिक्षण मिति सहितको खानेपानी गुणस्तरको तथ्यांक अद्यावधिक गरि विश्लेषण गर्नेछ ।

६। खानेपानी गुणस्तर सुधारको लागि खानेपानी सेवा प्रदायकहरुलाई तालिम, सुझाब, अवस्था विश्लेषण, र सहजीकरण गर्नेछ ।

७। खानेपानी आयोजनाहरुबाट वितरण भएको खानेपानीको गुणस्तर अवस्थाको विश्लेषण गरि खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिलाई मासिक रुपमा प्रतिबेदन पेश गर्नेछ ।

### ६.५. गाउँपालिका स्तरीय खानेपानी तथ्यांक ईकाइ

खानेपानी तथ्यांक ईकाइ गाउँपालिकाको वास शाखा अन्तर्गत रहनेछ । यस ईकाइको स्थापना २०२३ सम्ममा हुनेछ । यस तथ्यांक ईकाइमा निम्न कर्मचारीहरु हुनेछन ।

- तथ्यांक विश्लेषक, सूचना प्राबिधिक -१

<u>जिम्मेवारी:</u>

१। खानेपानी सेवास्तर उन्नति निर्माण कार्य गरि "खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि" लागु भएका खानेपानी आयोजनाका सेवा प्रदायकहरुबाट त्रैमासिक रुपमा स्व-मुल्यांकन प्रतिबेदन संकलन गर्नेछ र अन्य खानेपानी आयोजनाहरुबाट अर्ध-वार्षिक रुपमा प्रतिबेदन संकलन गर्नेछ ।

२। गाउँ पालिकाका खानेपानी आयोजनाहरुको तथ्यांक स्थापना तथा अद्यावधिक गरि देहाय बमोजिमका विश्लेषणहरु गर्नेछ ।

३.१ "खानेपानी सेवा सचालन ब्यबस्थापन कार्यविधि" लागु भएका आयोजनाहरुमा संचालन ब्यबस्थापनको अवस्था, प्रामाणिक संचालन विधि को प्रयोगको अवस्था र उपभोक्ताहरुको धारामा खानेपानी सेवास्तर उन्नतिको अवस्था विश्लेषण गर्नेछ । यो विश्लेषण त्रैमासिक रुपमा गर्नेछ ।

३.२ गाउँपालिकाका सबै खानेपानी आयोजनाहरुको संचालन ब्यबस्थापन र प्रामाणिक संचालन विधिको प्रयोगको अवस्थाको विश्लेषण अर्ध-वार्षिक रुपमा गर्नेछ ।

३.३ गाउँपालिकाका सबै खानेपानी आयोजनाहरुको खानेपानी सेवास्तर अवस्थाको विश्लेषण वार्षिक रुपमा गर्नेछ । ३.४. खानेपानी सेवास्तर उन्नति वा सुधार गरिएका योजनाहरुको NWASH-MIS मा अध्यावधिक तथ्यांक प्रबिष्ठ भए सुनिश्चित गर्दा जलबायु जोखिम र अनुकुलन सम्बन्धि तथ्यांक सहित तथा जानकारी अध्यावधि गर्ने ।

३। खानेपानी सेवास्तर उन्नति निर्माण कार्य भएका खानेपानी आयोजनाहरुमा वार्षिक रुपमा उपभोक्ता सन्तुष्टि सर्भेक्षण गर्नेछ (आयोजनाका सेम्पल घरधुरीहरुमा) ।

४। गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिलाई देहायका प्रतिबेदनहरु पेश गर्नेछ ।

६.१ त्रैमासिक प्रतिबेदनः आयोजनाहरुमा "खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि" को प्रयोगको अवस्थाको विश्लेषण

६.२ अर्ध-वार्षिक प्रतिबेदनः गाउँपालिकाका सबै आयोजनाहरुको संचालन ब्यबस्थापनको अवस्था र प्रामाणिक संचालन विधिको प्रयोगको अवस्थाको विश्लेषण

६.३ वार्षिक प्रतिबेदनः गाउँपालिकाका सबै आयोजनाहरुको खानेपानी सेवास्तर उन्नतिको अवस्था, बिद्यमान खानेपानी आयोजनाहरुमा जलबायु जोखिमको अवस्थार उपभोक्ता सन्तुष्टि सर्बेक्षणको विश्लेषण ।

### ६.७. वडा समिति

वडा स्तरमा खानेपानी सरसफाइ तथा स्वच्छता योजना र खानेपानी रणनीति कार्यान्वयन गर्न र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्नमा वडा समितिको जिम्मेवारी देहाय अनुसार हुनेछ ।

१। वडा स्तरमा खानेपानी आयोजनाको सेवास्तर उन्नति निर्माण कार्य गर्न र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि लागु गर्नमा वडा समितिको सबैभन्दा माथिल्लो तहको कार्यान्वयन गर्ने तथा निर्णय गर्ने जिम्मेवारी हुनेछ।

२। खानेपानी आयोजनाहरुको सेवास्तर उन्नति, जलबायु उत्थान्शील निर्माण कार्य गर्न र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्नको लागि बजेट तर्जुमा गर्नेछ ।

३। खानेपानी आयोजनाको सेवास्तर उन्नति,र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्नको लागि आवश्यक ब्यबस्थापन र नियमन गर्नेछ ।

४। वडा समितिले स्थानीय दक्ष जनशक्तिहरुलाई अनुबन्धन गरि खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्ने कार्यमा लगाउने छ । स्थानीय दक्ष जनशक्तिहरुले खानेपानी सेवा प्रदायकहरुसंग "खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यबिधि" कार्यान्वयन गर्नमा सहकार्य गरि सेवा प्रदायकहरुको क्षमता अभिवृद्धि गर्ने कार्य गर्नेछन ।

५। खानेपानी आयोजनाको सेवास्तर उन्नति र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन अवस्थाको अनुगमन र समिक्षा गर्नेछ (त्रैमासिक रुपमा) ।

६। खानेपानी आयोजनाको सेवास्तर उन्नति र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन सफल बनाउनको लागि आवश्यक निर्णय गर्नेछ ।

७। खानेपानी आयोजनाको सेवास्तर उन्नति र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयनको अवस्था विश्लेषण गरि गाउँ कार्यपालिकामा पेश गर्नेछ । (अर्ध-वार्षिक र वार्षिक रुपमा)

६.८. वडा स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति (वडा वास सिसि)

वडा स्तरमा खानेपानी सरसफाइ तथा स्वच्छता योजना र खानेपानी रणनीति कार्यान्वयन गर्न र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्नमा वडा वास सिसिको जिम्मेवारी देहाय अनुसार हुनेछ ।

१। खानेपानी सेवास्तर उन्नति जलबायु उत्थान्शील निर्माण, कार्यको लागि खानेपानी सरसफाइ तथा स्वच्छता योजना को प्राथमिकता अनुसारका आयोजनाहरुको छनौट गरि वडा समितिलाई वार्षिक योजना तर्जुमा गर्न सहयोग गर्नेछ ।

२। खानेपानी आयोजनाहरुको सेवास्तर उन्नति जलबायु उत्थान्शील निर्माण कार्यको लागि समन्वय, अनुगमन, समिक्षा र सुझाव गर्नेछ ।

३। खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयनको लागि समन्वय, अनुगमन, समिक्षा र सुझाव गर्नेछ ।

४। "खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि" लागु गरि खानेपानी आयोजनाका उपभोक्ताहरुलाई निरन्तर उच्चस्तरको खानेपानी सेवा उपलब्ध गराउनको लागि समन्वय, अनुगमन र समिक्षा गर्नेछ ।

५। महिला, दलित, जातजाति, अल्पसंख्यक र अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच र सहभागिता अवस्थाको अनुगमन, विश्लेषण र सुधारको लागि सुझाब गर्नेछ ।

६। खानेपानी सेवास्तर उन्नतिको अवस्था, खानेपानी आयोजना संचालन ब्यबस्थापन तथा प्रामाणिक संचालन बिधिको प्रयोगको अवस्था र उपभोक्ताहरुको धारामा उपलब्ध सेवास्तरको अवस्था विश्लेषण गरि गाउँ कार्यपालिकामा पेश गर्नेछ । (अर्ध-वार्षिक र वार्षिक रुपमा)

७। खानेपानी आयोजनाको सेवास्तर उन्नति जलबायु उत्थान्शील निर्माण कार्य र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यबिधि कार्यान्वयनको लागि पालिका-वास-सिसि, वास शाखा, गुणस्तर परिक्षण प्रयोगशाला, तथ्यांक ईकाइ संग समन्वय र सहकार्य गर्नेछ ।

८। महिला, दलित, जातजाति, अल्पसंख्यक र अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच, जलबायु जोखिमको अवस्था र सामना गर्ने क्षमता र निर्णय प्रक्रियामा समाबेशी सहभागिताका तथ्यांकहरु गाउँपालिका स्तरीय वास तथ्यांक इकाईमा पेश गर्नेछ

६.९ वडा स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता ईकाइ (वडा वास ईकाइ)

वडा वास ईकाइ वडा समिति अन्तर्गत प्रत्येक वडामा रहने छ । यस वडा वास ईकाइले स्थानीय दक्ष व्यक्ति वा संस्थाहरुसंग अनुबन्धन गरि आबश्यकता अनुसार जनशक्ति परिचालन गर्नेछ । देहाय अनुसारका स्थानीय दक्ष व्यक्तिहरुसंग अनुबन्धन गरि "खानेपानी सेवा संचालन कार्यविधि" कार्यान्वयन गर्नमा तोकिएका "खानेपानी सेवा प्रदायक" हरु संग सहकार्य गर्नेछन । वडा वास ईकाइहरुमा आबश्यकता अनुसार तोकिएको कार्य गर्ने यी स्थानीय व्यक्ति वा संस्थाका जनशक्तिहरुको पारिश्रमिक सम्बन्धित वडा वा गाउँपालिकाको बजेटबाट व्यवस्था गरिनेछ ।

१। स्थानीय खानेपानी टेक्निसियन, प्लम्बर, खानेपानी मर्मत संभार कार्यकर्ता, र खानेपानी प्राबिधिकहरु

२। स्थानीय पानी सुरक्षा योजना प्रशिक्षक, " जलबायु उत्थान्शील पानी सुरक्षा योजना" प्रशिक्षण तालिम लिएको व्यक्ति वा खानेपानी बिज्ञ वा खानेपानी गुणस्तर बिज्ञ ।

३। स्थानीय खानेपानी सहजकर्ता, सामाजिक, सरकारी वा गैर सरकारी संघ संस्थामा रही खानेपानी क्षेत्रमा सहजकर्ताको कार्य अनुभव भएको व्यक्ति ।

४। स्थानीय लेखा सहायक वा लेखा परिक्षक, सरकारी वा गैर सरकारी संघ संस्था वा निजि कम्पनीमा रही लेखा सहायक कार्य अनुभव भएको व्यक्ति वा लेखा परिक्षक ।

<u>जिम्मेवारी:</u>

१। "खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि" लागु गर्न खानेपानी सेवा प्रदायकहरुलाई प्रशिक्षण गर्नेछ र सहकार्य गरि खानेपानी आयोजनामा कार्यविधि कार्यान्वयन गर्नेछ ।

२। स्थानीय दक्ष व्यक्तिहरुले तालिम, सहजीकरण र सहकार्य गरि खानेपानी आयोजना संचालन ब्यबस्थापनमा यो कार्यविधि शुरु देखि नै पूर्ण रुपमा लागु गर्नेछ ।

३। सेवा प्रदायकका कर्मचारी र पदाधिकारीहरुको यस कार्यविधि प्रयोग गर्ने दक्षता हासिल भएपछि कार्यविधि पालन गरे नगरेको अनुगमन गरि सुधारको लागि सुझाव गर्नेछ ।

४। खानेपानी आयोजनाहरुमा "खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि" को प्रयोगको अवस्थाको तथ्यांक वडा वास सिसि लाई पेश गर्नेछ । (त्रैमासिक )

### ६.१०. खानेपानी सेवा प्रदायक

खानेपानी सेवास्तर उन्नति गर्न र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्नको लागि खानेपानी सेवा प्रदायकको संस्थागत् संरचना देहाय अनुसारको हुनेछ । खानेपानी आयोजनाहरुले गाउँपालिकाबाट खानेपानी सेवास्तर उन्नति निर्माण गर्ने सहयोग प्राप्त गर्नको लागि खानेपानी सेवा प्रदायकले देहाए बमोजिमको संस्थागत संरचना बनाउने र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयन गर्ने प्रतिबद्धता गर्नु पर्नेछ ।

१। खानेपानी सेवा प्रदायकको ब्यबस्थापन बोर्ड वा समितिको गठन पूर्ण समाबेशी हुनु पर्नेछ । यसका लागि सम्पूर्ण सदस्य संख्याको कम्तिमा ३३% महिला हुनेछ र दलित, जनजाती र अल्पसंख्यक जातीय वर्गहरुको समानुपातिक प्रतिनिधित्व हुनेछ । उपलब्ध भए सम्म कम्तिमा एक जना अपांगता भएका व्यक्तिहरुबाट सदस्य हुनेछ । मुख्य पदहरुमा कम्तिमा एक जना महिला अनिवार्य हुनेछ ।

२। खानेपानी सेवा प्रदायक संस्था वा कम्पनि गाउँपालिका वा प्रदेश वा संघिय सरकारमा दर्ता हुनेछ । साथै खानेपानी आयोजनाको लागि प्रयोग गर्ने पानीका मुहानहरु, इन्टेक बनाउने ठाउँको

जीपीएस सहित आयोजनाले प्रयोग गर्ने पानीको मात्राको लागि नेपाल सरकारको नियम अनुसार अनुमति लिनु पर्नेछ ।

३। खानेपानी सेवा प्रदायक संस्थाको कार्यालय स्थापना भएको हुनेछ । कार्यालयमा कार्यकक्ष, स्टोर र बैठकको लागि पर्याप्त ठाउँ हुनु पर्नेछ ।

४। खानेपानी सेवा प्रदायक संस्थामा कम्तिमा एक व्यबस्थापक र एक मर्मत सम्भार प्राबिधिक कर्मचारी हुनु पर्नेछ । आयोजनाको आबश्यकता अनुसार यी कर्मचारीहरुले महिनामा काम गर्न पर्ने दिन पुरा वा कम हुन सक्नेछ ।

५। माथिका संस्थागत् संरचना सम्भव हुन नसक्ने धेरै साना खानेपानी आयोजनाहरुले नजिकका ठुला खानेपानी आयोजना वा अन्य स्थानीय संघसंस्थाहरु वा नागरिक समाज समूह संगको सहकार्यमा सेवा प्रदायक संस्थाको संरचना व्यबस्थापन गर्न सक्नेछन ।

जिम्मेवारी:

१। खानेपानी सेवा प्रदायकले गाउँपालिकाको खानेपानी, सरसफाइ र स्वच्छता योजना र खानेपानी रणनीति अनुसारको खानेपानी सेवास्तर उन्नति गरि उपभोक्ताहरुलाई सो स्तरको सेवा निरन्तर उपलब्ध गराउने छ । यस रणनीति अनुसार प्रत्येक खानेपानी सेवा प्रदायकले सन् २०२५ सम्ममा कम्तिमा आधारभूत स्तरको सेवा, सन् २०२८ सम्ममा मध्यम स्तरको सेवा र सन् २०३० सम्ममा उच्च स्तरको खानेपानी सेवा उपलब्ध गराउने छ ।

२। खानेपानी सेवा प्रदायकले “खानेपानी सेवा संचालन व्यबस्थापन कार्यविधि २०७८” कार्यान्वयन गरि आयोजनाको संचालन व्यबस्थापन गर्नेछ । यस कार्यविधिमा देहाय अनुसारका ११ वटा “प्रामाणिक संचालन विधि (Standard Operating Procedure)” रहेका छन् । फारम र निर्देशन सहितको बिस्तृत प्रामाणिक संचालन विधि यस खानेपानी सेवा संचालन कार्यविधिको अनुसूची-१ मा राखिएको छ ।

**व्यवस्थापकीय कार्यबिधि :**

प्रा.सं.वि.१: खानेपानी सेवा प्रदायकको बैठक र निर्णय कार्यान्वयन

प्रा.सं.वि. २: निरोधात्मक संभार

सरंचना बिग्रनु भन्दा पहिले नियमित (दैनिक, साप्ताहिक, मासिक, वार्षिक) रेखदेख र मर्मत सम्भार गर्ने जसले ठुलो क्षति भई धेरै खर्च लाग्न र सेवा अबरुद्ध हुनबाट बचाउँछ र आयोजनाको संचालन खर्च कम गर्दछ । साथै रेकर्ड राख्ने।

प्रा.सं.वि. ३: गुनासो व्यवस्थापन

उपभोक्ताहरुको गुनासो संकलन गर्नको लागि सजिलो मध्यमहरुको व्यवस्था गर्ने, गुनासो दर्ता गर्ने, कति समयमा गुनासो समाधान भयो रेकर्ड राख्ने । उपभोक्ताहरुको सामाजिक समाबेशीता र अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुच विषयका गुनासो समेत संकलनको व्यवस्था गर्ने, समाधान गर्ने र रेकर्ड राख्ने ।

खर्च भएर जाने सामग्री, खर्च भएर नजाने सामग्री, औजार, मसिन आदिको जिन्सी खाताको रेकर्ड राख्ने । स्टोरको रेकर्ड राख्ने । स्टोरमा आबस्यक सामग्रीहरु भए नभएको रेकर्ड विश्लेषण गरि समयमा खरिद गर्ने जसले गर्दा थोरै समयमा नै मर्मत गरि खानेपानी निरन्तर संचालन गर्न सकिनेछ ।

मन्जु कुमारी शर्मा (पाण्डे)
का.वा. अध्यक्ष

**<u>प्राविधिक कार्यविधि:</u>**

प्रा.सं.वि. ५: खेर गएको पानीको परिमाण पहिचान र चुहावट नियन्त्रण

आयोजनाले उत्पादन गरेको जम्मा पानीको महशुल उठेको छ वा छैन रेकर्ड राख्ने र मासिक तुलना विश्लेषण गर्ने | यदि १०% भन्दा बढी पानी चुहावट भएको (अर्थात् बिना महशुल खर्च भएको देखिएको) छ भने कारण पत्तालगाई समाधान गर्ने |

प्रा.सं.वि. ६: क्लोरिन मिसाउने काम र क्लोरिन अवशेष नियन्त्रण

खानेपानी आयोजनामा आवश्यक पर्दा क्लोरिन (ब्लिचिंग पाउडर) मिसाउने र उपभोक्ताहरुको धारामा क्लोरिन अवशेष परिक्षण गरि मापदण्ड अनुसारको क्लोरिन अवशेषको मात्रा निम्नतम लेभलमा नियन्त्रण गर्ने | क्लोरिन झोल बनाएर स्टोरमा राखेको, टंकीमा क्लोरिन डोजिंग गरेको, र धारामा क्लोरिन अवशेष परिक्षण गरेको रेकर्ड राख्ने |

**<u>वित्तीय कार्यविधि:</u>**

प्रा.सं.वि. ७: लेखा व्यवस्थापन

खानेपानी आयोजनाको लेखा सम्बन्धि रेकर्ड राख्ने, मासिक स्टेटमेन्ट तयार गर्ने, वार्षिक लेखा परीक्षण गर्ने |

प्रा.सं.वि. ८: खानेपानीको महशुल निर्धारण

आयोजनाको जलबायु परिबर्तनका कारण सिर्जना हुनसक्ने जोखिम अनुमान गरि उत्थान्शीलताका लागि समेत जीवन चक्र खर्चको आधारमा खानेपानीको महशुल निर्धारण गर्ने | महशुल तिर्न नसक्ने अति गरिब घरधुरीहरुको पहिचान गरि एक वर्षको लागि उक्त घरपरिवारहरुको लागि सहुलियत दरको महशुल निर्धारण गर्ने | उक्त घरपरिवारहरुको आर्थिक बिकासको लागि सहयोग गर्ने वा अन्य सरोकारवालाहरुसंग समन्वय गर्ने |

**<u>खानेपानी गुणस्तर कार्यविधि:</u>**

प्रा.सं.वि. ९: जलबायु उत्थान्शील खानेपानी सुरक्षा योजना कार्यान्वयन

आयोजनामा खानेपानी सुरक्षा टोलि गठन गर्ने र तालिम गर्ने |आयोजनाका संरचना र पाइपलाइनमा प्रदुषणको जोखिम पहिचान तथा नियन्त्रणका उपाय पहिचान गरि आयोजनाको खानेपानी सुरक्षा योजना तयार गर्ने | खानेपानी सुरक्षा योजना कार्यान्वयन गर्ने र अनुगमन, पानीको गुणस्तर परिक्षण र उपभोक्ताहरुको सन्तुष्टि पहिचान गर्ने |

प्रा.सं.वि. १०: खानेपानी गुणस्तर परिक्षण

नेपाल सरकारको मापदण्ड अनुसारको खानेपानीको गुणस्तर परिक्षण गर्ने र रेकर्ड राख्ने | पानी सुरक्षा योजनाको अनुगमनको लागि खानेपानीको मुहान देखि उपभोक्ताको धारा र पिउने गिलास

सम्मको पानीको गुणस्तर परिक्षण गर्ने । जलबायु उत्थान्शील खानेपानी सुरक्षा योजनाको गुणस्तर प्रमाणीकरण गर्ने । खानेपानी सेवा स्तर उन्नति अनुगमन वा सर्भेक्षणको लागि खानेपानीका धाराहरुको पानी परिक्षण गर्ने । बजार वा घना वस्ती क्षेत्रमा ठुला आयोजना सर्भेक्षणको लागि खोलाको पानीको गुणस्तर परिक्षण गर्ने ।

**स्व-मुल्यांकन एवं वार्षिक कार्ययोजना कार्यविधि:**

प्रा.सं.वि.११: स्व-मुल्यांकन र वार्षिक कार्ययोजना तयारी

खानेपानी सेवा प्रदायकले वार्षिक रुपमा आयोजनाबाट वितरित खानेपानीको सेवास्तर अवस्था, आयोजनाको संचालन ब्यबस्थापन अवस्था, आयोजनाको मर्मत सम्भारको अवस्था, जलबायु जोखिमको अवस्था र अनुकुलन प्रयास र प्रामाणिक संचालन विधिको प्रयोगको अवस्थाको स्व-मुल्यांकन गर्ने । जीवन चक्र खर्चको आधारमा महशुल निर्धारणको बिस्तृत विवरण र वार्षिक कार्य योजना समेत तयार गर्ने । स्व-मुल्यांकनको एक प्रति वडा वास ईकई वा गाउँपालिकाको खानेपानी ईकाइ/शाखामा बुझाउने ।

**प्रतिवेदन:**

खानेपानी सेवा प्रदायकले गाउँपालिकाले तोकेको ढांचा बमोजिम गाउँपालिकाको खानेपानी ईकाइ/शाखामा वा वडा वास ईकाइमा आयोजनाको स्वमुल्यांकन र देहायका विवरण अद्यावधिक सहितको प्रतिवेदन पेश गर्नेछ । (अर्ध-वार्षिक र वार्षिक रुपमा)

१. आयोजनाको स्व-मुल्यांकनको प्रतिलिपि
२. प्रमाणिक संचालन विधिको प्रयोगको अवस्था
३. पानी सुरक्षा योजना कार्यान्वयनको अवस्था
४. जीवन चक्र खर्चको आधारमा खानेपानी महसुल निर्धारण प्रक्रिया, निर्धारित महसुल र वार्षिक कार्ययोजना
५. आम्दानी खर्चको विवरण (यस आर्थिक वर्षको मासिक आर्थिक स्टेटमेन्ट)
६. आयोजनाबाट वितरित धाराहरुमा खानेपानीको सेवास्तर अवस्था (परिमाण, गुणस्तर, पहुँच र विश्वसनीयता सेवा स्तर सूचकहरुको आधारमा)
७. आयोजनामा समाबेशी संचालन ब्यबस्थापनको विवरण
८. महिला, दलित, जनजाती, अल्पसंख्यक र अपांगता भएका व्यक्तिहरुको खानेपानीमा पहुँच अवस्था विवरण

मञ्जु कुमारी शर्मा (पाण्डे)
का.वा. अध्यक्ष

## ७. अनुगमन र समिक्षा

खानेपानी रणनीति र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयनको अनुगमन, समिक्षा र निर्णय गर्ने कार्य देहाय अनुसार हुनेछ ।

१। वडा समितिले वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति मार्फत मुख्यतया देहायका क्रियाकालापहरु कार्यान्वयनको अनुगमन र समिक्षा गर्नेछ । साथै वडा समितिले आवश्यक सुधारको लागि निर्णय गर्नेछ । (मासिक रुपमा)

१.१ खानेपानी सेवास्तर उन्नति निर्माण कार्यको अनुगमन र समिक्षा गर्नेछ ।

१.२ खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयनको अनुगमन र समिक्षा गर्नेछ ।

१.३ खानेपानी आयोजनाहरुको संचालन ब्यबस्थापनमा "प्रामाणिक संचालन विधि (Standard Operating Procedure)" को प्रयोगको अनुगमन र समिक्षा गर्नेछ ।

१.४ खानेपानी आयोजनाहरुको संचालन ब्यबस्थापनमा समाबेशी निर्णयको कार्यान्वयनको अनुगमन र समिक्षा गर्नेछ।

१.५ खानेपानी आयोजनामा महिला, दलित, अल्पसंख्यक र अपांगता भएका व्यक्तिहरुको आबश्यकता अनुसारको खानेपानीमा पहुचको अनुगमन र समिक्षा गर्नेछ ।

१.६ खानेपानी आयोजनाको सेवास्तर उन्नति निर्माण कार्य सम्पन्न भए पश्चात सो स्तरको खानेपानी सेवा सबै उपभोक्ता घरपरिवारलाई सधैं निरन्तर उपलब्धताको अनुगमन र समिक्षा गर्नेछ ।

२। गाउँ कार्यपालिकाले पालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति मार्फत खानेपानी रणनीति कार्यान्वयन र खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयनको अनुगमन र समिक्षा गर्नेछ । साथै गाउँ कार्यपालिकाले आवश्यक सुधारको लागि निर्णय गर्नेछ । अनुगमनको लागि तथ्यांक संकलन र विश्लेषण गर्नमा पालिका वास ईकाइ/शाखा, खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला र वास तथ्यांक ईकाइहरुले कार्य गर्नेछन ।

<u>देहायका क्रियाकलाप तथा उपलब्धिहरुको अनुगमन र समिक्षा मासिक रुपमा गर्नेछः</u>

२.१ खानेपानी सेवास्तर उन्नति निर्माण कार्यको अनुगमन र समिक्षा गर्नेछ ।

२.२ खानेपानी आयोजनाहरुको संचालन ब्यबस्थापनमा "प्रामाणिक संचालन विधि" को प्रयोग

२.३ खानेपानी आयोजनाहरुको संचालन ब्यबस्थापनमा समाबेशी निर्णय कार्यान्वयनको अनुगमन र समिक्षा गर्नेछ ।

२.४ खानेपानी आयोजनामा महिला, दलित, अल्पसंख्यक र अपांगता भएका व्यक्तिहरुको आबश्यकता अनुसारको खानेपानीमा पहुचको अनुगमन र समिक्षा गर्नेछ ।

२.५ खानेपानी आयोजनाको सेवास्तर उन्नति निर्माण कार्य सम्पन्न भए पश्चात सो स्तरको खानेपानी सेवा सबै उपभोक्ता घरपरिवारलाई अटुट निरन्तर उपलब्धताको अनुगमन र समिक्षा गर्नेछ ।

देहायका क्रियाकलाप तथा उपलब्धिहरुको अनुगमन र समिक्षा श्रावण र माघ महिनामा अर्ध-वार्षिक तथा वार्षिक रुपमा गर्नेछ:

२.६ खानेपानी रणनीति कार्यान्वयनको अनुगमन र समिक्षा गर्नेछ । यसको लागि गाउँपालिकाका सबै खानेपानी आयोजनाहरुबाट वितरित खानेपानीको सेवास्तर उन्नति अवस्थाको तथ्यांक आषाढ र पौष महिनामा वर्षको दुई पटक अध्यावधिक गर्नेछ ।

२.७ खानेपानी सेवा संचालन ब्यबस्थापन कार्यविधि कार्यान्वयनको अनुगमन र समिक्षा गर्नेछ । यसको लागि खानेपानी आयोजनाहरुमा "प्रामाणिक संचालन बिधि (Standard Operating Procedure)" को प्रयोगको अवस्थाको तथ्यांक आषाढ र पौष महिनामा वर्षको दुई पटक अद्यावधिक गर्नेछ ।

२.८ खानेपानी आयोजनाहरुको संचालन ब्यबस्थापनमा समाबेशी निर्णय पक्रिया अवस्थाको अनुगमन र समिक्षा गर्नेछ ।

२.९ खानेपानी आयोजनाहरुमा दलित, जनजाती, अल्पसंख्यक र अपांगता भएका व्यक्तिहरुको आबश्यकता अनुसारको खानेपानीमा पहुँच अवस्थाको अनुगमन र समिक्षा गर्नेछ ।

देहायका क्रियाकलाप तथा उपलब्धिहरुको अनुगमन र समिक्षा वार्षिक रुपमा गर्नेछ:

२.१० खानेपानी आयोजनाहरुमा उपभोक्ता सन्तुष्टि सर्बेक्षण चैत्र देखि जेष्ठ महिना सम्ममा गर्नेछ । यस सर्भेक्षणमा उपभोक्ता घरपरिवारहरुलाई उपलब्ध खानेपानी सेवास्तरको अवस्था, उपभोक्ताहरुको गुनासोको समयमा समाधान, आयोजना संचालन ब्यबस्थापनमा समाबेशी निर्णय प्रणाली र सेवा सन्तुष्टिको सर्भेक्षण तथा विश्लेषण गरिनेछ । उपभोक्ता सन्तुष्टि सर्भेक्षण गर्दा दलित, जनजाती, अल्पसंख्यक र अपांगता भएका व्यक्तिहरुको आबश्यकता अनुसार खानेपानीमा पहुँच अवस्थाको सर्भेक्षण तथा विश्लेषण समेत गरिनेछ । साथै अति विपन्न घरपरिवारहरुको आय वृद्धि गर्नमा खानेपानी आयोजनाले गरेको सहयोग र समन्वयको समेत सर्भेक्षण गरिनेछ ।

८. प्रचलित कानुन बमोजिम हुने

यस कार्यविधिले नसमेटेका कुराहरु प्रचलित नेपाल सरकारको कानुन बमोजिम हुनेछन । यस कार्यविधिमा समेटिएका कुराहरु यसै कार्यविधि बमोजिम हुनेछन ।

९. कार्यविधि संशोधन

यस कार्यविधिमा संशोधन गरि आबश्यक थपघट गर्नुपर्ने देखिएमा गाउँ कार्यपालिकाको बैठकबाट संशोधन गर्न सकिनेछ ।

१०. अनुसूची-१: खानेपानी आयोजना संचालन ब्यबस्थापन सम्बन्धि प्रामाणिक संचालन बिधि संलग्न छ ।